# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०८२।०८३
चलानी नम्बर :

**वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि सात दिने निःशुल्क उद्यमशिलता तालिममा सहभागी हुनका लागि आवेदन दिने सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८३/०२/२१**

मालारानी गाउँपालिकाको आ. व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत आन्तरीक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई तपसिल विवरण बमोजिमको निःशुल्क सात दिने उद्यमशिलता विकास तालिम सञ्चालन गर्न लागिएको हुँदा इच्छुक वैदेशिक रोजगारीबाट फर्किएका न्यूनतम मापदण्ड पुगेका व्यक्तिहरुले आवश्यक कागजात सहित आफ्नो सम्बन्धित वडा कार्यालयमा मिति २०८३/०२/२७ गते बुधवार कार्यालय समय भित्र आवेदन फारम पेस गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.सं | तालिमको विषय | तालिम अवधि | तालिमको लागि आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | उद्यमशिलता विकास तालिम | ७ दिन | १८ जना | |

**न्यूनतम मापदण्डः**

- श्रम स्वीकृति लिई कम्तिमा १ वर्ष वैदेशिक रोजगारीमा संलग्न भइ स्वदेश फर्किएर उद्यम/व्यवसायमा संलग्न भएको अथवा हुने इच्छा/चाहना र ठोस योजना भएको मालारानी गाउँपालिका भित्रको स्थायी बासिन्दा भएको हुनुपर्ने ।

**आवश्यक कागजातहरुः**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ प्रति
२. राहदानी(passport) प्रमाणपत्रको प्रतिलिपि- १ प्रति
३. सिप विकास तालिम लिएको भए सो को प्रमाणपत्र प्रतिलिपि-१ प्रति
४. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो - १ प्रति

**थप जानकारीका लागिः**
९८४७३४४६३७

२०८३।०२।२१

.........................
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

# आवेदन फाराम

(उद्यमशिलता विकास तालिम सँग सम्बन्धित)

| |
|---|
| हालसालै खिचिएको फोटो |

मितिः.....................

श्रीमान् वडा अध्यक्ष ज्यू,

वडा नं. ...... को कार्यालय,

मालारानी गाउँपालिका, अर्घाखाँची ।

**विषयः कार्यक्रममा समावेश हुनका लागि आवेदन सम्बन्धमा।**

प्रस्तुत विषयमा मालारानी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत "वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागि उद्यमशीलता प्रवर्द्धन कार्यक्रम" मा सहभागी हुन इच्छुक भएकाले निम्न विवरण खुलाई यो आवेदन पेस गरेको/गरेकी छु । यसमा उल्लेखित विवरण सत्य-तथ्य छन्, झुटो ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

**१. आवेदकको व्यक्तिगत विवरणः**

- **आवेदकको पूरा नाम थर (नेपालीमा):** ..........................................................................
- **नागरिकता नं.:** ................................................ **जारी जिल्लाः** ........................................... **जारी मितिः** .........................
- **लिङ्गः** [ ] पुरुष [ ] महिला [ ] अन्य
- **स्थायी ठेगानाः** मालारानी गाउँपालिका, वडा नं.: ...........गाउँ/टोलः ...............................
- **सम्पर्क मोबाइल नं.:** ...................................................... **वैकल्पिक नं.:** ................................

**२. वैदेशिक रोजगारी सम्बन्धी विवरणः**

- **रोजगारीमा गएको देशको नामः** .............................................................................................
- **विदेशमा रहँदा गरेको मुख्य काम/पेशाः** ..............................................................................
- **वैदेशिक रोजगारीमा गएको मितिः**.................................................
- **स्वदेश फर्किएको मितिः** मिति .........................

- **विदेशमा बिताएको कुल अवधिः** ............ वर्ष ............ महिना

**३. वर्तमान उद्यम/व्यवसाय सम्बन्धी विवरण (हाल गरिरहेको वा गर्न चाहेको):**

- **उद्यम/व्यवसायको क्षेत्रः** [ ] कृषि (तरकारी/फलफूल)  [ ] पशुपालन (बाख्रा/भैंसी/कुखुरा) [ ] घरेलु उद्योग  [ ] सेवामूलक (प्लम्बिङ/इलेक्ट्रिसियन/होटल)  [ ] अन्यः
- **अन्यको हकमाः**......................................
- **उद्यम/व्यवसायको नाम (यदि दर्ता भएको भए):** ........................................................................
- **व्यवसाय दर्ता स्थितिः** [ ] दर्ता भएको (वडा/घरेलु/प्यान)  [ ] दर्ता नभएको (नयाँ सुरु गर्न चाहेको)
- **प्रस्तावित व्यवसायको स्थान (टोल):** मालारानी वडा नं. ............................

**आवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू (चेकलिस्ट):**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - १ प्रति
- राहदानी (Passport) को फोटो भएको पृष्ठ र विदेश जाँदा/फर्कंदाको अध्यागमन (Immigration) स्टयाम्प(Arrival Stamp र Depature Stamp) देखिएको पृष्ठको प्रतिलिपि - १ प्रति
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो - १ प्रति
- व्यवसाय दर्ता भएको भए दर्ता प्रमाणपत्रको प्रतिलिपि (यदि उपलब्ध भए) - १ प्रति
- सीप विकास तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि(यदि उपलब्ध भएमा)- १ प्रति

...................
निवेदकको हस्ताक्षर

**कार्यालय प्रयोजनको लागिः**

**सिफारिस/निर्णयः**

माथि उल्लेखित आवेदक श्री ............................................ यस मालारानी गाउँपालिका वडा नं. ...... को स्थायी बासिन्दा हुनुका साथै वैदेशिक रोजगारीबाट फर्केको वास्तविक व्यक्ति भएको र उहाँको उद्यमशीलताको योजना उपयुक्त देखिएकाले उहाँलाई गाउँपालिका स्तरीय **उद्यमशीलता विकास तालिम**मा समावेश गर्नका लागि यस वडा कार्यालयको वडा समितिको निर्णय अनुसार सिफारिस गरिन्छ ।

........................